नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## उत्पादन र विक्री वितरण रोक्का सम्बन्धी विवरण

यस विभग अन्तर्गतको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, नेपालगंजबाट मिति २०८३/०१/१० गते नेपालगंज उप.म.न.पा.कार्यालय, उपभोक्ता हित संरक्षण मंच, बाँके, मिडिया लगायतको संयुक्त अनुगमनमा बाँके जिल्ला स्थित देहायको खाद्य व्यवसायमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन २०८१ बमोजिम उत्पादन र बिक्रि बितरण रोक्का गरिएको व्यहोरा सबैको जानकारीका लागि यो विवरण जारी गरिन्छ।

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | कारबाही/कैफियत |
|---|---|---|---|
| १. | कान्हा डेरी एंड जनरल स्टोर, नेपालगन्ज उप.म.न.पा. वडा नं.-१२, बि.पी चोक, बाँके | • फ्रिजको सरसफाईमा कमी देखिएको<br>• डेरीमा प्रयोग हुने भाडाँकुडा फोहोर अवस्थामा रहेको<br>• फ्रिजभित्र मरेको कमिला किरा भेटिएको<br>• डेरीको भूइँ र भित्ता फोहोर अवस्थामा रहेको<br>• दुध, दहि उत्पादन र बिक्रि वितरण गर्ने स्थलको सरसफाईको अवस्था सन्तोषजनक नपाइएको<br>• म्याद गुज्रिएको जुसजेली एघार (११) थान, Ajwain puff- एक (१) थान, Nescafe Iced latte — एक (१) थान तथा फोहोर अवस्थामा राखेको पनिर करिब तिन (३) कि.ग्रा. फेला परेको। | • म्याद गुज्रिएको जुसजेली एघार (११) थान, Ajwain puff- एक (१) थान, Nescafe Iced latte — एक (१) थान तथा फोहोर अवस्थामा राखेको पनिर करिब तिन (३) कि.ग्रा. जफत गरी नष्ट गरीएको {जम्मा रु तिन हजार सातसय चालिस (३७४०।-) रुपियाँ बराबरको}<br>• देखिएका कैफियत सुधार गर। सो को प्रमाण सहित ७ दिनभित्र कार्यालयमा उपस्थित हुने निर्देशन दिइएको<br>• अर्को आदेश नभएसम्मका लागि उत्पादन र बिक्रि बितरण रोक्का गरिएको। |

डा. बाल कुमारी शर्मा

वरिष्ठ खाद्य अनुसन्धान अधिकृत

२०८३/०१/११

# अनुगमनका केही झलकहरू










